# वैठक नं ३७

मिति : २०७५/०६/१०

आज मिति २०७५ साल असोज १० गते वुधवार विहान ८.०० वजे खाँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सैतिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति

१. नगर कार्यपालिका प्रमुख श्री मुरारीप्रसाद खतिवडा
२. नगर कार्यपालिका उप-प्रमुख श्री डेगेश्वरी श्रेष्ठ
३. नगर कार्यपालिका सदस्य श्री निरञ्जन श्रेष्ठ
४. नगर कार्यपालिका सदस्य श्री ज्ञानवहादुर श्रेष्ठ
५. नगर कार्यपालिका सदस्य श्री देवराज घिमिरे
६. नगर कार्यपालिका सदस्य श्री सजित राई
७. नगर कार्यपालिका सदस्य श्री श्यामप्रसाद निरौला
८. नगर कार्यपालिका सदस्य श्री दयानिधी वराल
९. नगर कार्यपालिका सदस्य श्री मौसम आले मगर
१०. नगर कार्यपालिका सदस्य श्री डम्वरवहादुर कटुवाल
११. नगर कार्यपालिका सदस्य श्री टिकाराम कुमाल अनुपस्थित
१२. नगर कार्यपालिका सदस्य श्री केशव राजसिं थापा अनुपस्थित
१३. नगर कार्यपालिका सदस्य श्री नगेन्द्र गुरुङ्ग
१४. नगर कार्यपालिका सदस्य श्री सुनीता कटुवाल कार्की
१५. नगर कार्यपालिका सदस्य श्री कुङ्गाङ लामा
१६. नगर कार्यपालिका सदस्य श्री वालकुमारी सोडारी
१७. नगर कार्यपालिका सदस्य श्री इन्द्रमाया वराइली
१८. नगर कार्यपालिका सदस्य श्री गोपी घिमिरे
१९. नगर कार्यपालिका सदस्य श्री चन्द्रकला तामाङ्ग
२०. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी राई सुनुवार
२१. नगर कार्यपालिका सदस्य श्री पदमलाल सार्की
२२. का.वा. नगरकार्यपालिका सदस्य श्री लिलावहादुर गुरुङ्ग
२३. का.वा. नगरकार्यपालिका सदस्य श्री प्रकास चन्द्र श्रेष्ठ
२४. नगर कार्यपालिका सचिव श्री कृष्णकुमार निरौला
२५. लेखापाल श्री सरोज कुमार श्रेष्ठ
२६. ना.सु.(वैठक निर्णय लेखन) श्री गणेश श्रेष्ठ
२७. ना.सु श्री कमलवहादुर कार्की
२८. ई. सुरज श्रेष्ठ, प्रोग्राम शाखा

निर्णय नं १

खाँदवारी नगरपालिकाको चालु आ.व. ०७५/०७६ को स्वीकृत कृषि तर्फको कार्यक्रम अनुसार प्रथम चौमासिकमा वितरण गर्नु पर्ने प्लाष्टिक टनेल २५० थान र मकै छोडाउने मेसिन ११ थान वितरण गर्नको लागि नगरपालिकावाट मिति २०७५/०५/१५ गते प्रकासित सार्वजानिक सूचना अनुसार कृषकहरुवाट मिति २०७५/०५/३१ गते सम्म प्राप्त निवेदन माथि नगर उप-प्रमुख ज्यूको अध्यक्षतामा गठित छनौट समितिले मिति २०७५/०६/०८ गते गरेको छनौट अनुसार उक्त प्लाष्टिक टनेल र मकै छोडाउने मेसिन खरीद गरी लागत सहभागितामा कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं २

खाँदवारी नगरपालिकाको मस्यौदा समितिवाट तयार गरी थप हुन आएको मर्मत सभारकोष कार्यविधि २०७५ पारित गरि लागु गर्ने निर्णय गरियो । अनुसूचि - १

निर्णय नं ३

अनुसूची १ वमोजिम खाँदवारी नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि २०७५ को परिच्छेद २ ले दिएको अधिकार प्रयोग गरि देहाय वमोजिमको एक व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१, नगर प्रमुख, अध्यक्ष

२, पुर्वाधार विकास समितिको संयोजक, सदस्य

३. वन,वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक, सदस्य

४, प्रमुख प्रशासकीय अधिकृत, सदस्य

५, नगरकार्यपालिकाका सदस्यहरु मध्येवाट १ जना महिला सहित समितिले तोकेको २ जना सदस्य मध्ये

क, वालकुमारी सोडारी सदस्य, खा.न.पा. २

ख, चन्द्रकला तामाङ्ग, सदस्य, खा.न.पा.१०

६, पुर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

निर्णय नं. ४

खाँदवारी नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि २०७५ को परिच्छेद २ ले दिएको अधिकार प्रयोग गरि देहाय वमोजिमको मर्मत संभार उपसमिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री निरन्जन श्रेष्ठ वडा नं. १ का वडाध्यक्ष एवं कार्यपालिकाको सदस्य संयोजक
२. श्री लक्ष्मी राई सुनुवार कार्यपालिका सदस्य, सदस्य
३. श्री ईन्द्रमाया वराइली कार्यपालिका सदस्य, सदस्य
४. सम्वन्धित वडाको वडा अध्यक्ष पदेन सदस्य
५. पुर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

नोट : यस उपसमितीले नगरपालिकामा रहेका यन्त्र उपकरणहरु समेत परिचालन गरी सम्पूर्ण मर्मत संभार कार्यक्रम गर्ने गराउने छ । साथै यन्त्रमा भएको तेल खर्च र प्राविधिक मूल्याङ्कन राखी कार्यालयमा सिफारिस साथ पेश समेत गर्नेछ ।

निर्णय नं. ५

खाँदवारी नगरपालिकाको ११ वटै वडाहरुमा रहेका जेष्ठ नागरिकहरु मध्ये २०७५ आषाढ मसान्त सम्म ८० वर्ष पूरा गरेका जेष्ठ नागरिकहरुलाई तेस्रो नगरसभावाट विनियोजित सामाजिक विकास ङ) लक्षीत वर्ग (महिला तथा वालवालिका, जेष्ठ नागरिक, भिन्न क्षमता भएका वर्ग दलित आदीवासी जनजाती शसक्तीकरण) अन्तर्गतको विनियोजित रकम रु १०,०००००। वाट खर्च गरिने गरि जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्वन्धीत वडाहरुवाट लगत लिई वडादशै २०७५ पछाडी सम्मान कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं ६

खाँदवारी नगरपालिकाको तेस्रोनगर सभावाट विनियोजित विषयगत क्षेत्र अन्तरगत लक्षीत वर्ग (महिला तथा वालवालिका, जेष्ठ नागरिक, भिन्न क्षमता भएका वर्ग दलित आदीवासी जनजाती शसक्तीकरण शिर्षक अन्तगतको विभिन्न दिवसीय कार्यक्रमहरु **(नारी दिवस लैगिक हिसा विरुद्ध १६ दिने अभियान तिज कार्यक्रम वालवालिका दिवस)** आदी शिर्षकमा विनियोजित रकम रु ४,०००००। वाट खर्च लेख्ने गरि २०७५ सालको तिज विषेश कार्यक्रमलाई रु,१,३२,०००। एक लाख वत्तिस हजार मात्र विनियोजन गरि खर्च लेख्ने निर्णय गरियो ।

निर्णय नं ७

खाँदवारी नगरपालिकाको मिति २०७५ भदौ ७ गते संखुवासभा साप्ताहिक पत्रिकामा प्रकाशित भएको कार्यालयलाई आवश्यक पर्ने फर्निचर खरिद सम्वन्धि सुचना अनुसार समय भित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु मध्ये नगरपालिकाद्धारा गठित मूल्यांकन समितिको प्रतिवेदन अनुसार पेश भएको दरभाउपत्र दाताहरुमध्ये श्री काका ट्रेड एण्ड सप्लायर्स खाँदवारी नगरपालिका वडा नं १ वाट

कवोल गरेको हुँदा उक्त सप्लायर्सले पेश गरेको दरभाउपत्र छनौट गरि मिति २०७५ असोज ७ गते निज सप्लायर्स र यस कार्यालय विच संझौता भई सोहि मितिमा कार्यदेश दिइएको हुँदा सिलवन्दी दरभाउ पत्र सम्वन्धी सम्पूर्ण प्रकृयाहरुको अनुमोदन गरि रु.१०,३८४००। (दश लाख अट्तिस हजार चार सय मात्र) भ्याट वाहेकको रकम भुक्तानीका लागी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८

खाँदवारी नगरपालिकाको मिति २०७५ भदौ २७ गते पाख्रीवास साप्ताहिक पत्रिकामा प्रकाशित भएको कार्यालयलाई आवश्यक पर्ने स्टेशनरी तथा अन्य समाग्री खरिद सम्वन्धि सुचना अनुसार समय भित्र पर्न आएको सिलवन्दी दरभाउ पत्रमध्ये नगरपालिकाद्धारा गठित मूल्यांकन समितिको प्रतिवेदन अनुसार पेश भएको दरभाउ पत्र दाताहरुमध्ये स्टेशनरी खरिदकार्यका लागी श्री अरुण प्रेस एण्ड स्टेशनरी खाँदवारी नगरपालिका वडा नं १ वाट पेश गरेको दरभाउ पत्र सारभुत रुपमा प्रभावग्राहि र अन्य दरभाउ पत्रदाता भमध्ये सवै भन्दा कम रु.४,६०,२००। (चारलाख साठी हजार दुई सय मात्र) कवोल गरेको साथै अन्य सामाग्री खरिदकार्यको लागी श्री न्यु लोटस एण्ड सप्लायर्सले पेश गरेको रु २,०१,२०५। (दुई लाख एक हजार दुई सय पाँच मात्र) लाई स्वीकृत गरि कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ९

खाँदवारी नगरपालिकाको मिति २०७५ भदौ २७ गते पाख्रीवास साप्ताहिकमा प्रकाशित भएको कार्यालयलाई आवश्यक पर्ने विधुतीय मेसिन औजार समाग्री खरिद सम्वन्धि सूचना अनुसार समय भित्र दर्ता भई आएको सिलवन्दी दरभाउपत्रमध्ये नगरपालिकाद्धारा गठित मूल्यांकन समितिको प्रतिवेदन अनुसार पेश भएको दरभाउपत्र दाताहरुमध्ये श्री वज्र ट्रेड, खाँदवारी नगरपालिका वडा नं १ वाट पेश गरेको दरभाउ पत्र सारभुत रुपमा प्रभावग्राहि र अन्य दरभाउ पत्रदाताहरुभन्दा कम कवोल गरेको हुँदा निजले कवोल गरेको रकम रु.१४,३०,१५०। (चौध लाख तीस हजार एक सय पचास मात्र) भ्याट वाहेकलाई स्वीकृत गरि कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं १०

खाँदवारी नगरपालिकामा गठित संखुवा सभा अटोरिक्सा व्यवशायी समितिको मिति २०७५/०५/१३ गते सो समितिका अध्यक्ष श्री टेकराज घिमिरेले पेश गरेको निवेदन अनुसार यस नगरपालिका भित्र संचालन हुने अटो रिक्सा वढी भएको र सो कार्यले वस पार्क, पार्कीङ्ग, ट्राफीक जाम लगायतको समस्या देखाई अव उप्रान्त अटोरिक्सा दर्ता प्रकृया हाललाई रोक्का गरी पाउँ भनि निवेदन पेश

गरेकोले सो वारेमा के कसो भएको हो यकीन गरि दर्ता प्रकृयामा रोक लगाउन यातायात व्यवस्था कार्यालय इटहरी सुनसरीलाई लेखि पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ११

खाँदवारी नगरपालिकाद्धारा पारित (घ) वर्गको निर्माण व्यवशायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ ले गरेको व्यवस्था अनुसार सस्था दर्ता सम्वन्धी सिफारिस समिति गठन गर्न कार्यविधिको प्रकरण नं ३ को २ ले दिएको अधिकार प्रयोग गरि देहाय अनुसारको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री सुरज श्रेष्ठ ईन्जिनियर पूर्वाधार विकास शाखा

२. सदस्य श्री लोक प्रसाद फागो शाखा अधिकृत

३. सदस्य श्री सरोजकुमार श्रेष्ठ, लेखापाल, आर्थीक प्रशासन शाखा

४. सदस्य श्री संगम श्रेष्ठ, सव इन्जिनियर योजना तथा प्राविधिक शाखा

५. सदस्य सचिव श्री गणेश श्रेष्ठ ना.सु योजना शाखा

निर्णय नं. १२

खाँदवारीनगरकार्यपालिका कार्यालय अन्तर्गत विभिन्न वडाहरुमा कार्यरत सामाजिक परिचालकहरुलाई विगत वर्षहरुमा मासिक तलव वरावरको रकम चाडपर्व खर्च वापतको रकम उपलब्ध गराउँदै आएकोमा यस वर्ष पनि उपलब्ध गराउने निर्णय गरियो ।